नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

मितिः २०७९।१२।०९

पत्र संख्या :
च. नं. :

# प्रेस विज्ञप्तिः विश्व मौसम दिवस २०२३

विश्व मौसम संगठन स्थापना भएको दिन "सन् १९५० को मार्च २३" को स्मरणमा हरेक वर्ष मार्च २३ का दिन नेपाल लगायत विश्वभर नै विश्व मौसम दिवस (World Meteorological Day) मनाइदै आएको छ। यसै सन्दर्भमा जल तथा मौसम विज्ञान विभाग परिवार मौसम तथा जलवायु क्षेत्रमा कार्य गर्ने तथा सरोकार राख्नु हुने सरोकारवालाहरु लगायत सम्पूर्ण जनसमुदायमा विश्व मौसम दिवसको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछ।

यस बर्षको विश्व मौसम दिवसको नारा "The future of Weather, Climate and Water across generation" अर्थात "पुस्तान्तरणमा मौसम, जलवायु र जलको भविष्य" रहेको छ। यस नाराले अग्रज पुस्ताले १९ औं शताब्दिको अन्त्यतिर विकास गरेका टेलीग्राफ र मौसम पूर्वानुमानको उपलब्धि, मौसम विज्ञानमा आजका पुस्ताले सुपर कम्प्युटर र अन्तरिक्ष प्रविधिको विकासमा हासिल गरेका सफलता र भावी पुस्ताले हासिल गर्न सक्ने संभावनाहरुको तथ्यलाई उजागर गरेको छ।

विश्वव्यापी भुमण्डलिय तापमानको वृद्धिले मौसम तथा जलवायु चक्रमा अस्वाभाविक परिवर्तनहरु भैरहेका छन। जसको फलस्वरुप, मौसम र जलवायुको विषम अवस्थाहरुमा आएको बढोत्तरिले बहु-प्रकोपहरुमा वृद्धि भैरहेको अवस्था छ। मौसम तथा जलवायुको सम्भावित अवस्थाको पूर्वानुमान वा आंकलन गरी पूर्व-चेतावनीको माध्यमबाट जिवनलाई सुरक्षित बनाउन गणितिय पूर्वानुमान लगायतका प्रविधिहरुमा आएको सुधार तथा यसको उच्चतम प्रयोग उल्लेख्य रुपमा बृद्धि भएपनि विश्वका अगाडि चुनौतिहरु अझै विद्यमान छन्। विश्वमा आजका दिनसम्म भैरहेका हरितगृह ग्यास उत्सर्जन र विश्वव्यापी उष्णिकरण सम्बन्धि अध्ययन अनुसन्धानले भविष्यमा समेत मौसम, जलवायु तथा जलको अवस्था सुखद देखाएको छैन। तथापि बिग्रदो मौसम र जलवायुको अवस्थालाई यथास्थितिमा राख्ने वा यसलाई नियन्त्रित गर्दै एउटा निश्चित सिमामा सिमित गर्ने भन्ने कुरा वर्तमान तथा भावि पुस्ताको हातमा निर्भर छ। मौसम, जलवायु र जलको कुनै भौगोलिक सिमा र बन्धन हुदैन। त्यसैले आगामी दिनहरुमा विश्व समुदाय एक आपसमा हातेमालो गर्दै निर्धारित गन्तव्यमा पुग्न सकिएन भने भावि पुस्ताको जीवन अझ कष्टकर र संकटपूर्ण हुने भएकोले यस पृथ्वीलाई सुरक्षित बासस्थानको रुपमा भावी पुस्ताको लागि जोगाउन यस वर्षको विश्व मौसम दिवसको नाराले आव्हान पनि गरेको छ।

यसै तथ्यहरुलाई आत्मसाथ गर्दै चुनौतिलाई अवसरका रुपमा बदलेर मौसम, जलवायु र जलको मापन, पूर्वानुमान तथा पूर्व-सूचना प्रणालीको विकास र विस्तारको माध्यमबाट प्रभावकारी सेवा प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरुसंगको हातेमालोलाई विभागले उच्च प्राथमिकतामा राखेको छ। विश्व मौसम दिवसको आजको दिनले आम समुदायको साथै सम्पूर्ण सरोकारवालाहरुमा भविष्यमा हुन सक्ने सम्भावित जोखिमवारे ध्यानाकर्षण गर्दै सबैमा सचेतना जगाउने अपेक्षा गरिएको छ।

सुमन कुमार रेग्मी
प्रवक्ता

बबरमहल, काठमाडौं ☎ ०१४२१९०५२, ०१४२१५३९६, ०१४२५८२२४, ०१४२५८२७६, ०१४२१५१३१, फ्याक्सः ०१४२६४२१९, पो.ब.नं. ४०६
ईमेलः info@dhm.gov.np, वेबः www.dhm.gov.np